# संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल
# लिम्बूवान संघीय राज्यः गा.वि.स.स्तरको जनसाङ्ख्यिक संयोजन

(सन् २००१को राष्ट्रिय जनगणनाका आधारमा)

बालकृष्ण माबुहाङ

## १. पृष्ठभूमि

नेपालको परम्परागत हिन्दू वर्णाश्रम संस्कृति प्रधान राजतन्त्रात्मक राज्य व्यावस्था पतोन्मूख अवस्थामा पुगेकोछ । विगत २३८ बर्ष सम्मको आफ्नो कार्यकालमा बाइसी, चौविसी लगायत विभिन्न ससाना प्रादेषिक राज्यहरु केन्द्रीकरण गरेर प्रजातान्त्रिक राज्य व्यवस्थाको ग्यारेण्टी गर्न खोजेता पनि हिन्दू राजतन्त्रकै संरचनाको वरी–परि राज्य व्यवस्था रुमलिएको छ । राजकाज राम्ररी सम्हाल्ने अनुशासनको कमी भएका बाहुननेता, जनतालाई प्रजातन्त्र र सुशासन प्रत्याभूत गर्ने इच्छासक्ति नभएका दलहरुको लापर्वाही एकातिर र सम्बैधानिक हैसियतमा बस्न नचाहाने हिन्दू आर्य संस्कृतिका प्रतिनिधि राजतन्त्र वीच स्पष्ट विभाजन आयो । एक दसक अघि संवैधानिक हैसियत स्विकारेका राजा वीरेन्द्रको बँश नास पछि सत्ताशीन हुन पुगेका राजा ज्ञानेन्द्र आफू दाजु जस्तो चूप लागेर टुलुटुलु हेरेर बस्न नमान्दा जनताले उनलाई पूर्णरुपमा अस्विकार गरे । किनकी संवैधानिक हैसियत स्विकार गरिसकेको संस्था नैतिकरुपले पनि सक्रिय बन्न सक्दैनथे, तथापि आफ्नो लगभग २ वर्षको सक्रिय शासनकालमा कुनै शासकीय सुधार ल्याउन नसक्दा अत्यन्त अलोकप्रिय बने । बहुदलीय राज्य सत्तामा पुग्न शान्तिपूर्ण माध्यम हुँदा हुँदै रक्तपातपूर्ण यूद्धको रणनीति अपनाएर सत्तामा पुग्ने सोच भएका माओवादीहरुले एक दसक शसस्त्र जनयूद्ध गरेर सत्तामा पनि पुगे । यस्तो राजनितिक असमञ्जस्य परिस्थिबाट मुलुकले पार पाउन दोस्रो शान्तिपूर्ण जनआन्दोलनको बाटो हुँदै निरँकुश राजतन्त्रलाई ठेगान लगाएर आठदलीय राजनीतिक अधिनायकत्वको ऐठानमा परेकोछ । अव सही राजनितिक निकास सहितको बैठानमा राज्य कसरी पुग्ने एउटा अन्यौलपूर्ण अवस्थामा मुलुक छ ।

तालिका १ः सन १९९५–९६ र सन् २००३–४ वीचमा नेपालको घर परिवारको गरिबीको अवस्था जात/जातिको आधारमा ।

| | गरिबीको गन्ति | | | गरिबीको वितरण | | |
|---|---|---|---|---|---|---|
| | 1995 - 96 | 2003-04 | *परिवर्तन %* | 1995-96 | 2003-04 | *परिवर्तन %* |
| | (A) | | | (B) | | |
| उच्च जात (पहाड–तराइ दुवै) | 34.1 | 18.4 | *-46* | 26.7 | 15.7 | *-41* |
| यादव | 28.7 | 21.3 | *-26* | 2.9 | 1.9 | *-33* |
| दलित (पहाड–तराइ दुवै) | 57.8 | 45.5 | *-21* | 10.6 | 10.9 | *3* |
| नेवार | 19.3 | 14 | *-28* | 2.5 | 3.4 | *35* |
| पर्वते जनजाति | 48.7 | 44 | *-10* | 19.7 | 27.8 | *41* |
| थारु | 53.4 | 35.4 | *-34* | 10.4 | 9.2 | *-12* |
| मुसलमान | 43.7 | 41.3 | *-6* | 5.7 | 8.7 | *53* |
| अन्य | 46.1 | 31.3 | *-32* | 21.4 | 22.3 | *4* |
| कुल | 41.8 | 30.8 | *-26* | 100 | 100 | - |

स्रोतः केन्द्रीय तथ्याँक विभाग, जात–जातिमा आधारित गरिबीको असमान अवस्था, विश्व वैंक र डिएफआइडिको संयूक्त पहलमा भएको अध्ययनमा आधारित ।

आर्थिक, सामाजिक, तथा राजनीतिक परिणामहरु जे हात लागेता पनि त्यो परिणाम हात लाग्नका पछिल्तीरका कारकहरुको विश्लेषण शुक्ष्म रुपमा गर्न सकिएन भने, अपेक्षा गरिए भन्दा भिन्न परिणाम आउन सक्छ । नेपालको पछिल्लो अध्ययन अनुसार गरिबीको संख्या सन् १९९५–१९९६मा ४१.८ प्रतिसत भएकोमा त्यो घटेर सन २००३–२००४ मा ३०.८ प्रतिसतमा झर्यो । यसरी झरेको गरिबी कहाँ, कस्कोमा घट्योत? भनेर हेर्नेहो भने सरकारी तथ्याँक अनुसार पनि सबै भन्दा धेरै उच्च जातका परिवारमा ४६ प्रतिसतले गरिबी झरेको रहेछ भने तराइका मुसलमान परिवारमा केवल ६ प्रतिसतले र पर्वते जनजातिमा केवल १० प्रतिसतले मात्र । दलित समुदायमा समेत गरिबीको प्रतिसत २१ प्रतिसतले झरेको निकै सकारात्मक परिवर्तन भएतापनि चिचोडमा के देखिन्छ भने जाति, भाषा, धर्म, क्षेत्र, लिँगका

आधारमा विना भेदभाव राज्यले सबैलाई समानरुपमा विकास गर्ने प्रतिबद्धता गरे पनि बिल्कुलै भिन्न परिणाम राज्यले पाउँदै आएकोछ । अर्थात राज्यको जाति, धर्म, भाषा, लिँग, क्षेत्रका आधारमा हुने गरेको विभेदपूर्ण संरचनाकै कारण परिणाम आदिवासी जनजाति, धार्मिक अल्पसँख्यक, महिला समुदाय गरिबीको बास बन्न पुगेकाछन । समानता, समतामूलक समाजको निर्माण, समावेशी राज्यका क्रियाकलापहरु नारामा मात्र सिमित हुन पुगेकोछ । आर्थिक असमानता परिणामहो, सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक, तथा जातीय आधारमा हुने विभेद पूर्ण व्यवहारको भन्ने मान्यतालाई हालका आँकडाहरुले पुष्टि गर्न थाल्यो । गरिबीको बास अव मुसलमानमा, जनजातिमा थुप्रिन पुगेको परिणाम आउन थाल्यो । यस्ता कैयौं विसँगति चिर्नलाई राज्यको पुनरगठन जातीय बहुलताका आधारमा गर्नु पर्ने आवश्यकता खटकेको छ ।

## २. विषय प्रवेश र अध्ययनको उद्देश्य

लिम्बू जाति नेपालका आदिवासी/ जनजातिहरु मध्येको एक हो । सम्बत १८३१मा द्विपक्षीय सन्धीबाट लिम्बू जातिलाई उनीहरुको आदिथलो लिम्बूवानमा स्वशासनको अधिकार कायम गरेका थिए । हिन्दू अधिराज्यले उक्त अधिकारलाई कालान्तरमा समाप्त गरेको हुनाले हिन्दू राजतन्त्रात्मक शासन व्यवस्थाको विपक्षमा आफूलाई उभ्याउने गरेकाछन । उनीहरुका नाममा राजा पृथ्वी नारायण शाहले जारी गरेको लालमोहरको भावनाले उनीहरुमा नैतिक बल प्रदान गर्दछ, कि उनीहरुको भूमि माथिको स्वशासित सम्बन्ध निरन्तर उनीहरुले पाउनेछन । त्यो उनीहरुको विशिष्ट अधिकारको विना रोक टोक उपयोग गर्न माग गर्नु भनेकोनै आजको यूग र चाहाना सुहाउँदो लिम्बूवान जातीय स्वशासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नया राज्य प्रणालीको स्थापना गर्नु हो । निश्चयनै संघीय राज्य हाशील गर्न त्यसको लागि आवश्यक हुने लिम्बू जातिको जनसाँख्कि अवस्था कस्तोछ, त्यसको बारेमा स्वयम् लिम्बू जातिका र अन्य गैर लिम्बू जातिका समुदायहरुलाई जानकारी हुनु आवश्यकछ । यो अध्ययनले लिम्बूवानमा लिम्बू जाति, र अन्य जातिको जनसाँख्यिक पक्षको विश्लेषण गरेर स्वयम् लिम्बू जातिहरु र नीति निणर्य गर्ने निकायहरुलाइै सहयोग पुर्याउने प्रमुख उद्देश्य हो ।

भरखरै तराइ क्षेत्रमा मधेशी जनअधिकार फोरमको एतिहासिक आन्दोलन पश्चात संघीय राज्य प्रणाली र समान जनसँख्या, भौगोलिक अनुकुलता र विशिष्टताका आधारमा निर्वाचन क्षेत्रहरु निर्धारण गर्न अन्तरिम संविधानलाई संशोधन गर्न राज्य तयार भएको छ । अर्थात संविधानसभा अगावै राज्य संघीय राज्य प्रणाली अन्तर्गत निर्वाचन क्षेत्रहरु तर्जुमा गर्न अविलम्ब लाग्नु पर्ने आवश्यकता देखिन्छ । तर संघीय राज्य प्रणालीको आधारहरु कुनै पनि जातिको ऐतिहासिक वासस्थल, उसको साझा भाषा, साझा संस्कृति र सघन जनसँख्याको जगमा उभिनु पर्दछ । जहाँसम्म उपलब्ध स्रोत र साधनको कुरोछ नेपालमा कुनै पनि क्षेत्र साधन र स्रोत सम्पन्न र कुनै क्षेत्र पुरै विपन्नको अवस्था नभै स्रोत साधनको पहिचान गर्न नसक्नु, संरक्षण सम्बर्दन र उचित उपयोग गरेर लाभ हासिल गर्न नसक्नुको अवस्था हो । संघीय राज्य प्रणालीको जरुरत भनेकोनै परनिर्भर जनसँख्याको उत्पादनको साटो आत्म निर्भर जनसंख्याको विकास गर्नु हो । निश्चयनै जातिय स्वशासनको दाबी गर्दा आफ्नो जातिको जनसँख्या, र अन्यसंगको उसको सामिप्यता र सम्बन्धका बारेमा विश्लेषण गर्नु अत्यन्त सान्दर्भिक मात्र नभै एक महत्वपूर्ण दायित्व भएको हुनाले यो टिपोटमा लिम्बूवान जातीय स्वशासित क्षेत्रमा लिम्बू जाति, उसको सामिप्यता अरुसंग र शासकीय जातिको उपस्थितिको विषयमा विश्लेषण गर्ने काम गरिएकोछ ।

## ३. अध्ययनको पद्धति

लिम्बूवानको ऐतिहासिक साँध सिमानाहरुका बारेमा छुट्टै अध्ययन र विश्लेषणको खाँचो छ । यहाँ लिम्बूवान क्षेत्रको हालका ६ जिल्लाहरुः ताप्लेजुङ, संखुवाशभा, धनकुटा, तेह्रथुम, पाँचथर र इलामका कुल २३५ गाविसहरुमा बसोबास गर्ने आवादीको मात्र विश्लेषण गरिएको छ । लिम्बूवानको ऐतिहासिक सिमाहरु हालको झापा, मोरङ्ग, सुन्सरी जिल्लाहरु समेत परेता पनि यहाँ ति जिल्लाका गा.वि.सहरुको बारेमा विश्लेषण गरिएको छैन । ति तिन जिल्लाहरुलाई संयूक्त रुपमा मोरँगीया क्षेत्र भनेर भिन्नै संघीय

राज्य वा उपराज्यको परिकल्पना गरेर विश्लेषण गरिनेछ । सम्भवत मोरँगीया क्षेत्र र लिम्बूवान वीच आवश्यक सम्झौता गर्नु पर्ने पनि हुन सक्छ ।

जनसँख्याको कुरा गर्दा हाललाई राष्ट्रिय जनगणना सन् २००१लाईनै आधार मान्नु पर्ने हुन्छ । किनकी जनगणनाले जस्तो व्यापक तथ्याँक अरुले दिन सक्दैन । यद्यपि जनगणनाको तथ्याँक विश्वसनीय नभएको स्वयम आदिवासी/ जनजाति समुदायको गुनासो हुने गरेकोछ । सन् २००१मा सम्पन्न राष्ट्रिय जनगणनाका आधारमा कुल १०० वटा जात/ जाति रहेकाछन । आदिवासी/ जनजाति समुदायहरु ५९ समुहरु राज्यले मान्यता दिएको भएता पनि राष्ट्रिय जनगणनामा ४३ जातिहरु मात्र समेटिए । ति मध्ये लिम्बू एक हो । लिम्बू सहित अन्य एक दर्जन भन्दा अधिक जात–जातिहरुको ऐतिहासिक भूमि, साझा भाषा, साझा संस्कृति र जातिगत एकरुपताका आधारमा सघन बसोबास क्षेत्रहरुका आधारमा जातिय स्वशासन सहितको संघीय राज्य प्रणाली निर्माण गर्न सम्भव देखिन्छ, किनकी उनीहरुको जातिय, भाषिक, सांस्कृतिक सघनता र एकै क्षेत्रीय बसोबासको अवस्था विद्यमान छ । ति संघीय राज्यहरुमा अन्य धेरै जातिहरु स्वशासन भित्रको स्वशासनको अधिकार, आरक्षण तथा सकारात्मक विभेद जस्ता विभिन्न उपयूक्त संयन्त्रहरु निर्माण गरेर व्यवस्थित गर्न सकिन्छ । त्यसकारण जातिहरुको वेग्ला वेग्लै जनसँख्याको विस्तृत अध्ययन भन्दा पनि जातीय स्वशासनको दावी गर्ने जातिको विशिष्टतामा अरु आदिवासी/जनजाति, दलित, मधेशी, तथा इस्लाम र पर्वते उच्च जातको जनसंख्याको सँयोजन कस्तो छ? त्यो देखाउन सकियोस जस्का आधारमा संघीय राज्यको खाका कोर्न सकियोस । जातिय स्वशासित राज्यहरु निर्माण गर्न राष्ट्रिय बहसका लागि ५ वटा जातीय, क्षेत्रीय, वा धार्मिक उपसमुहहरुको गठन जुन सामाजिक समस्या विश्लेषणको लागि पहिलेनै प्रयोग गर्दै आएकोलाईनै यहाँ लिइएको छ । यसरी विश्लेषण गर्दा निम्न पक्षहरुमा गाविस स्तरको जनसँखयामा जातीय जनसँखयाको संयोजन हेर्न खोजिएको छ ।

तालिका १: लिम्बूवानमा लिम्बू जाति निरपेक्ष बहमत भएको र अन्य जातिहरुको गा.वि.स. स्तरको जनसाँख्यिक संयोजन प्रतिसतमा

| | गाविस | लिम्बू | अरु जनजाति | पर्वते उच्चजात | दलित | मधेशी/ मु(लमान |
|---|---|---|---|---|---|---|
| 1 | फाक्सीप | 89.4 | 3.5 | 5.0 | 2.1 | 0.1 |
| 2 | फाक्तेप | 85.5 | 5.8 | 4.8 | 3.8 | 0.3 |
| 3 | साँगु | 83.7 | 14.0 | 0.4 | 1.9 | 0.0 |
| 4 | याङ्नाम | 82.4 | 2.4 | 7.9 | 7.2 | 0.1 |
| 5 | चिलिङ्देन | 78.2 | 7.3 | 6.9 | 7.5 | 0.2 |
| 6 | खेजेनिम | 74.8 | 5.2 | 13.9 | 6.1 | 0.0 |
| 7 | सावादिन | 71.2 | 24.2 | 0.5 | 4.1 | 0.0 |
| 8 | कालिखोला | 71.0 | 13.4 | 9.8 | 5.8 | 0.0 |
| 9 | फाकुम्बा | 70.4 | 21.5 | 3.1 | 4.8 | 0.2 |
| 10 | कुरुम्बा | 69.8 | 26.8 | 0.6 | 2.8 | 0.0 |
| 11 | मौनाबुधुक | 66.3 | 11.0 | 17.3 | 5.3 | 0.1 |
| 12 | बुढीमोरं | 65.8 | 22.7 | 5.9 | 4.7 | 0.9 |
| 13 | हाङ्पाङ्ग | 64.9 | 26.5 | 2.2 | 6.3 | 0.1 |
| 14 | आङ्साङ | 64.0 | 10.8 | 19.2 | 5.9 | 0.0 |
| 15 | दाँगपा | 63.8 | 7.1 | 23.1 | 6.0 | 0.0 |
| 16 | फुङ्लिङ्ग | 63.1 | 6.2 | 25.5 | 4.8 | 0.5 |
| 17 | चोकमाबु | 62.7 | 16.0 | 15.9 | 5.0 | 0.4 |
| 18 | साब्ला | 60.9 | 14.0 | 17.2 | 8.0 | 0.0 |
| 19 | माङजाबुङ | 59.9 | 4.4 | 26.5 | 9.1 | 0.2 |
| 20 | पौठाक | 58.2 | 11.0 | 25.6 | 5.1 | 0.1 |
| 21 | मामाङ्खे | 58.1 | 23.4 | 11.6 | 6.9 | 0.1 |
| 22 | चाँगे | 56.6 | 17.0 | 19.2 | 7.3 | 0.1 |
| 23 | राजारानी | 56.4 | 32.5 | 5.3 | 5.6 | 0.2 |
| 24 | फावाखोला | 55.9 | 28.9 | 12.5 | 2.8 | 0.0 |
| 25 | इम्बुङ्ग | 55.7 | 24.6 | 13.6 | 6.2 | 0.0 |
| 26 | ढुंगे साँगु | 55.4 | 26.1 | 16.3 | 2.1 | 0.2 |
| 27 | खाम्लालुङ्ग | 55.4 | 9.3 | 27.2 | 8.1 | 0.1 |
| 28 | स्रिजुङ्ग | 53.9 | 13.5 | 22.8 | 9.8 | 0.0 |
| 29 | सिनाम | 53.8 | 2.2 | 39.9 | 4.2 | 0.0 |
| 30 | साब्लाखु | 53.5 | 31.8 | 11.3 | 3.3 | 0.1 |
| 31 | नागी | 53.3 | 9.0 | 30.4 | 7.3 | 0.0 |
| 32 | फाक्चामारा | 51.8 | 8.5 | 32.6 | 7.1 | 0.0 |
| 33 | फलैचा | 51.5 | 18.0 | 27.3 | 3.0 | 0.3 |
| 34 | हाङ्देवा | 51.0 | 39.1 | 7.4 | 2.4 | 0.0 |
| 35 | नवमीडाँडा | 50.8 | 18.1 | 24.7 | 6.3 | 0.1 |
| 36 | निँगुरादिन | 50.8 | 15.7 | 29.5 | 4.0 | 0.0 |
| 37 | सिवा | 50.5 | 38.7 | 7.0 | 3.6 | 0.2 |
| 38 | रानी गाउँ | 50.4 | 5.4 | 34.2 | 9.9 | 0.1 |
| 39 | खोक्लीङ्ग | 50.2 | 44.6 | 0.2 | 5.0 | 0.0 |
| 40 | खाम्लालुङ्ग | 49.9 | 36.0 | 13.4 | 0.7 | 0.1 |
| 41 | लिवाङ्ग | 49.9 | 3.3 | 38.4 | 8.2 | 0.2 |
| 42 | फूलबारी | 49.6 | 6.6 | 35.5 | 7.9 | 0.4 |
| 43 | थर्पू | 49.5 | 3.0 | 38.7 | 8.8 | 0.0 |

स्रोतः केन्द्रीय तथ्याँक विभागबाट प्राप्त तथ्याँकलाई आवश्यक प्रशोधन गरि निर्मित

१. लिम्बू जातिमात्र निरपेक्ष वाहुल्यता भएका गाविसहरु

२. लिम्बू जाति कम्तिमा एक तिहाइ भएका गा.वि.स.हरु जहाँ अरु जनजातिहरुसंग मिलेर निरपेक्ष बहमत बन्छ,

३. लिम्बू जाति एकतिहाइ भन्दा कम जनसँख्या भएका गा.वि.स.हरु जहाँ अरुजनजातिसंग संयूक्त संयोजनले निरपेक्ष बहुमत भएका गाविसहरु,

४. लिम्बू जाति, अरु जनजाति, र दलितहरुसमेत गरेर निरपेक्ष बहुमत भएका गाविसहरु,

५. पर्वते शासक जातिको जनसँख्या निरपेक्ष बहुमत भएका गा.वि.स.हरु

## ४. अध्ययन तथा विश्लेषण

### ४.१ लिम्बू जातिको निरपेक्ष बहुमत

हालका ६ जिल्लाका २३५ गा.वि.स.हरु मध्ये ३९ गा.वि.सहरुमा लिम्बू जातिको जनसँख्या ५० प्रतिसत भन्दा अधिक जनसँख्या रहेकोछ भने अरु थप ४ गाविसमा करिब ५० प्रतिसतको हाराहारीमा जातिको जनसँख्या रहेकोछ । सबै भन्दा अत्यधिक फाक्सीप गाविसमा ८९.४ प्रतिसत र थर्पू गाविसमा ४९.५ प्रतिसत लिम्बू जातिको जनसाख्या रहेको छ। लिम्बू जातिको निरपेक्ष बहुमत रहेका यी गाविसहरु मध्ये पर्वते उच्च जातको सबै भन्दा धेरै जनसँख्या सिनाम (३९.९ %), थर्पू (३८.७ %), र लिवाङ्ग (३८.२ %) गा.वि.स.हरु प्रमुख

तालिका २: लिम्बूवानमा लिम्बू (एकतिहाइसम्म) र अरु जनजातिको निरपेक्ष बहसंख्या र गैर जनजातिहरुको गा.वि.स. स्तरको जनसाँख्यिक संयोजन प्रतिसतमा

| | | | जनजाति | | गैर जनजाति | | |
|---|---|---|---|---|---|---|---|
| | गा.वि.स. | लिम्बू | अरु जनजाति | कुल | पर्वते उच्चजात | दलित | मधेशी |
| 1 | इक्खाबु | 43.0 | 54.2 | 97.2 | 1.4 | 0.6 | 0.8 |
| 2 | खुवाफोक | 45.9 | 47.3 | 93.1 | 4.1 | 2.5 | 0.3 |
| 3 | मुडेबास | 42.5 | 49.4 | 91.9 | 6.0 | 1.8 | 0.3 |
| 4 | नुन्धाकी | 37.8 | 52.2 | 90.1 | 6.1 | 3.7 | 0.1 |
| 5 | सभाखोला | 42.0 | 46.5 | 88.5 | 5.5 | 5.9 | 0.1 |
| 6 | पापुङ्ग | 37.7 | 50.7 | 88.4 | 7.4 | 4.2 | 0.0 |
| 7 | लुङ्गरुपा | 40.7 | 47.4 | 88.1 | 9.8 | 2.1 | 0.1 |
| 8 | पेदाङ्ग | 49.5 | 35.7 | 85.1 | 3.1 | 11.7 | 0.0 |
| 9 | मेमेङ्ग | 43.2 | 40.8 | 84.0 | 13.8 | 2.0 | 0.1 |
| 10 | पौवासारताप | 39.5 | 43.8 | 83.3 | 11.1 | 5.3 | 0.3 |
| 11 | मावादिन | 38.4 | 43.6 | 82.0 | 14.6 | 3.4 | 0.1 |
| 12 | इभाङ्ग | 32.5 | 46.8 | 79.2 | 17.0 | 3.8 | 0.0 |
| 13 | आरुबोटे | 40.9 | 37.9 | 78.8 | 14.1 | 7.1 | 0.0 |
| 14 | सराङ्गडाडा | 42.2 | 36.4 | 78.6 | 16.4 | 4.6 | 0.5 |
| 15 | डाँडाबजार | 32.9 | 45.0 | 77.9 | 13.2 | 8.2 | 0.7 |
| 16 | ओलाने | 33.9 | 42.8 | 76.7 | 18.5 | 4.7 | 0.0 |
| 17 | महामी | 35.1 | 40.6 | 75.7 | 17.7 | 6.2 | 0.4 |
| 18 | आङ्गबुङ्ग | 38.4 | 37.0 | 75.3 | 16.3 | 8.3 | 0.1 |
| 19 | ओयाम | 47.2 | 27.5 | 74.6 | 20.7 | 3.9 | 0.8 |
| 20 | बसन्तुर | 47.1 | 26.0 | 73.1 | 25.0 | 1.8 | 0.1 |
| 21 | प्याङ्ग | 34.3 | 38.8 | 73.1 | 24.5 | 2.4 | 0.0 |
| 22 | पञ्चकन्या पोखरी | 46.5 | 25.5 | 72.1 | 21.3 | 6.5 | 0.1 |
| 23 | आँग्ना | 33.8 | 38.3 | 72.1 | 23.9 | 3.9 | 0.2 |
| 24 | सम्दु | 48.4 | 22.7 | 71.1 | 23.8 | 5.2 | 0.0 |
| 25 | दुरदिम्बा | 36.0 | 33.6 | 69.5 | 26.5 | 3.8 | 0.2 |
| 26 | लुङ्गवाफू | 45.3 | 23.9 | 69.2 | 26.2 | 4.7 | 0.0 |
| 27 | आँखोप | 45.6 | 23.1 | 68.7 | 21.7 | 9.6 | 0.0 |
| 28 | गजुरमुखी | 38.3 | 27.4 | 65.7 | 28.1 | 6.1 | 0.1 |
| 29 | सुङ्गनाम | 42.0 | 23.6 | 65.6 | 32.3 | 1.9 | 0.2 |
| 30 | सोपाक | 42.4 | 21.5 | 63.9 | 29.8 | 6.3 | 0.0 |
| 31 | एकताप | 33.9 | 28.7 | 62.5 | 32.3 | 5.1 | 0.1 |
| 32 | ताङ्खुवा | 38.3 | 23.6 | 62.0 | 31.2 | 6.7 | 0.2 |
| 33 | यासोक | 41.6 | 18.5 | 60.1 | 31.2 | 8.6 | 0.1 |
| 34 | भारपा | 35.4 | 24.1 | 59.5 | 33.0 | 7.3 | 0.2 |
| 35 | सिम्ले | 44.1 | 15.2 | 59.3 | 34.1 | 6.3 | 0.4 |
| 36 | चुहान्डाडा | 34.1 | 23.6 | 57.7 | 34.0 | 8.3 | 0.0 |
| 37 | तेलीया | 38.5 | 19.0 | 57.6 | 33.0 | 9.4 | 0.0 |
| 38 | फुरुम्बु | 47.2 | 10.0 | 57.2 | 27.5 | 14.8 | 0.5 |
| 39 | तम्फूला | 44.7 | 11.5 | 56.2 | 36.6 | 7.0 | 0.2 |
| 40 | ओलाङ्गचुङ्गगोला | 34.4 | 21.2 | 55.6 | 39.2 | 5.1 | 0.0 |
| 41 | सुदाप | 46.4 | 7.9 | 54.3 | 37.7 | 7.9 | 0.1 |
| 42 | जिरीखिम्ती | 37.3 | 15.6 | 52.9 | 42.0 | 4.7 | 0.4 |
| 43 | धुसनी | 37.4 | 14.9 | 52.3 | 39.1 | 8.6 | 0.0 |
| 44 | हमरजुङ्ग | 45.5 | 6.3 | 51.7 | 37.3 | 10.7 | 0.3 |
| 45 | नाङ्गीन | 35.8 | 15.0 | 50.8 | 42.8 | 6.4 | 0.2 |
| 46 | जलजले | 42.2 | 8.2 | 50.5 | 43.0 | 6.1 | 0.4 |
| 47 | पञ्चमी | 40.3 | 10.1 | 50.4 | 43.7 | 5.7 | 0.2 |
| 48 | सन्याक्रा | 42.4 | 7.3 | 49.7 | 44.5 | 5.8 | 0.0 |
| 49 | साँवा | 40.5 | 8.7 | 49.2 | 44.5 | 6.2 | 0.1 |
| 50 | दोखु | 37.4 | 11.6 | 49.0 | 36.3 | 14.7 | 0.0 |
| 51 | सुङ्गनाम | 40.4 | 8.2 | 48.6 | 39.2 | 12.0 | 0.3 |
| 52 | मेहेले | 40.1 | 6.7 | 46.8 | 47.6 | 5.4 | 0.2 |
| 53 | इसिबु | 36.9 | 9.6 | 46.5 | 46.6 | 6.6 | 0.3 |

स्रोत: केन्द्रीय तथ्याँक विभागबाट प्राप्त तथ्याँकलाई आवश्यक प्रशोधन गरि निर्मित तालिका

हुन । लिम्बू वाहेक अरु जनजातिहरु उल्लेखनीय संख्यामा रहेको गा.वि.सहरुमा हाङ्गदेवा (३९.१ %), सिवा (३८.७ %), र खाम्लालुङ्ग (३६.० %) पर्दछन ।

**४.२ लिम्बू (एकतिहाइ देखि उननपचास प्रतिसतसम्म) र अरु जनजातिसंग संयूक्त बहुमत**

लिम्बू जातिको जनसँख्या बढीमा ४९ प्रतिसत र कम्तिमा ३३ प्रतिसत सम्म ५३ गाविसहरुमा रहेकोछ । उपरोक्त गा.वि.स.हरुमा अरु जनजातिको जनसँख्या जोडेर हेर्नेहो भने ४७ गा.वि.स.मा निरपेक्ष वहुमत हुन आउँदछ। त्यसमा दलितको प्रतिसत जोडेर हेर्नेहो भने सामान्य वहमत देखि अत्यधिक बहुमत सम्म हुन आउँदछ । इक्खाबूमा सबै भन्दा बढी
९७.२ प्रतिसत र सामान्य बहुमत पञ्चमी गाविसमा ५०.५ प्रतिसत रहेको छ ।

यसरी हेर्दा लिम्बू जातिको एकतिहाइ देखि ४९ प्रतिसत रहेको अरु जनजातिहरुको जनसँख्या कुल जोडेर निरपेक्ष बहुमत पुग्ने गाबिसहरुमा इक्खाबु (५४.२ %), नुन्ढाकी (५२.२ %), रहेकोछ भने पापुङ्गमा (५०.७ %) रहेकोछ।

लिम्बू जातिको कम्तिमा एक तिहाई जनसँख्या रहेकोमा पर्वते.जाति जो विगत २३८ बर्ष देखि शासक जातिका रुपमा परिचितछ उसको सबै भन्दा अधिक जनसँख्या रहेको गाविसहरुमा मेहेले (४७.६%), इसिबु (४६.६ %), र साँवा/सन्थाक्रा (४४.५%) रहेकोछ।

सिमान्तकृत जातिहरु वीचमा एकता गरेर निरपेक्ष बहुमत सृजना गर्न दलितहरुसंग जनजाति समुदायले एकाकार हुनु आवश्यकछ, त्यसका लागि बहुमत नपुग्ने गाविसहरु सन्थाक्रा, साँबा,

तालिका ३ः लिम्बूवानमा लिम्बू (एकतिहाइ भन्दा कम) र अरु जनजातिको निरपेक्ष बहसंख्या र गैर जनजातिहरुको गा.वि.स. स्तरको जनसाँख्यिक संयोजन प्रतिसतमा

| | | आदिवासी/जनजाति | | | गैर जनजाति | | |
|---|---|---|---|---|---|---|---|
| | गा.वि.स. | अरु जनजाति | लिम्बू | कुल | पर्वते उच्चजात | दलित | मधेशी/ इस्लाम |
| 1 | किमाथाँका | 99.7 | 0.0 | 99.7 | 0.3 | 0.0 | 0.0 |
| 2 | चेपुवा | 99.5 | 0.0 | 99.5 | 0.0 | 0.4 | 0.1 |
| 3 | ताम्कु | 99.1 | 0.0 | 99.1 | 0.3 | 0.6 | 0.0 |
| 4 | लिंखिम | 83.7 | 15.1 | 98.8 | 1.2 | 0.0 | 0.0 |
| 5 | सुरुम्खीम | 90.6 | 7.5 | 98.0 | 1.9 | 0.0 | 0.1 |
| 6 | पावाखोला | 97.9 | 0.0 | 97.9 | 0.0 | 2.1 | 0.0 |
| 7 | सिसुवाखोला | 97.2 | 0.2 | 97.4 | 2.1 | 0.4 | 0.0 |
| 8 | हाटया | 97.2 | 0.0 | 97.2 | 0.1 | 2.6 | 0.1 |
| 9 | माबु | 79.4 | 16.0 | 95.4 | 2.3 | 2.3 | 0.1 |
| 10 | बाला | 95.2 | 0.0 | 95.3 | 1.2 | 3.6 | 0.0 |
| 11 | याफू | 94.8 | 0.2 | 95.0 | 1.0 | 4.0 | 0.0 |
| 12 | प्राङ्गबुङ्ग | 71.2 | 23.8 | 95.0 | 2.6 | 1.9 | 0.4 |
| 13 | लिङ्गतेप | 94.5 | 0.0 | 94.5 | 5.1 | 0.0 | 0.0 |
| 14 | आहाले | 92.7 | 0.7 | 93.4 | 3.5 | 3.0 | 0.1 |
| 15 | बाफ्रो | 67.0 | 26.0 | 93.0 | 3.0 | 4.0 | 0.0 |
| 16 | दिदिङ्ग | 92.6 | 0.2 | 92.8 | 1.7 | 5.5 | 0.0 |
| 17 | सिदिङ्ग | 59.9 | 31.5 | 91.4 | 5.4 | 3.1 | 0.1 |
| 18 | भेडेटार | 70.6 | 19.7 | 90.2 | 8.3 | 0.8 | 0.7 |
| 19 | माइमभुवा | 89.7 | 0.1 | 89.8 | 8.7 | 1.4 | 0.1 |
| 20 | महाभारत | 87.4 | 2.1 | 89.5 | 5.4 | 4.8 | 0.3 |
| 21 | खोकु | 88.7 | 0.1 | 88.8 | 6.7 | 4.5 | 0.0 |
| 22 | मत्स्यपोखरी | 86.1 | 0.4 | 86.5 | 7.6 | 5.8 | 0.0 |
| 23 | रानीटार | 73.4 | 13.0 | 86.3 | 9.0 | 4.6 | 0.1 |
| 24 | नुम | 85.9 | 0.4 | 86.3 | 8.2 | 5.4 | 0.0 |
| 25 | छिन्ताङ्ग | 85.1 | 0.1 | 85.2 | 8.7 | 6.0 | 0.1 |
| 26 | मकालु | 84.8 | 0.0 | 84.8 | 13.5 | 1.5 | 0.1 |
| 27 | जिरमले | 76.5 | 5.7 | 82.2 | 9.6 | 8.1 | 0.1 |
| 28 | माङ्गतेवा | 81.3 | 0.1 | 81.3 | 10.0 | 8.7 | 0.1 |
| 29 | ंरबी | 77.0 | 4.3 | 81.3 | 12.3 | 4.2 | 2.2 |
| 30 | पाथीभरा | 80.9 | 0.1 | 81.0 | 11.0 | 8.0 | 0.0 |
| 31 | बारबीसे | 61.1 | 19.6 | 80.7 | 14.7 | 4.3 | 0.0 |
| 32 | जमुना | 58.1 | 22.0 | 80.1 | 16.9 | 2.2 | 0.9 |
| 33 | बुधबारे | 77.9 | 1.3 | 79.3 | 8.8 | 11.8 | 0.2 |
| 34 | माइपोखरी | 69.4 | 9.8 | 79.2 | 19.1 | 1.6 | 0.2 |
| 35 | काल्बुङ्ग | 73.2 | 4.4 | 77.7 | 15.6 | 5.8 | 0.8 |
| 36 | साकफारा | 73.3 | 4.1 | 77.4 | 14.4 | 8.2 | 0.0 |
| 37 | सिद्धपोखरी | 55.0 | 21.7 | 76.7 | 20.6 | 2.5 | 0.2 |
| 38 | आँखीसल्ला | 76.0 | 0.1 | 76.2 | 17.4 | 6.3 | 0.1 |
| 39 | सादेवा | 56.1 | 18.9 | 74.9 | 17.6 | 7.4 | 0.0 |
| 40 | लिम्बा | 55.1 | 19.0 | 74.1 | 16.4 | 9.2 | 0.4 |
| 41 | च्याङ्गथापु | 51.5 | 22.4 | 73.9 | 22.5 | 3.4 | 0.1 |
| 42 | लेलेप | 54.4 | 19.4 | 73.8 | 18.6 | 6.1 | 1.3 |
| 43 | इराउटार | 69.6 | 4.0 | 73.6 | 21.8 | 4.5 | 0.1 |
| 44 | हाङ्गम | 44.4 | 27.2 | 71.7 | 24.2 | 4.0 | 0.2 |
| 45 | समाल्बुङ्ग | 58.1 | 13.1 | 71.3 | 23.2 | 4.8 | 0.7 |
| 46 | पुवामभुवा | 70.4 | 0.4 | 70.8 | 27.3 | 1.8 | 0.1 |
| 47 | लुम्दे | 54.4 | 16.4 | 70.8 | 21.5 | 7.6 | 0.1 |
| 48 | चुन्वाङ्ग | 70.5 | 0.2 | 70.7 | 24.5 | 4.7 | 0.1 |
| 49 | चमेता | 68.8 | 1.1 | 69.8 | 26.0 | 4.2 | 0.0 |
| 50 | दानाबारी | 47.5 | 21.7 | 69.2 | 24.0 | 6.6 | 0.3 |
| 51 | पाँचकन्या | 67.1 | 1.5 | 68.6 | 26.6 | 3.3 | 1.4 |
| 52 | फूयाताप | 50.8 | 16.7 | 67.4 | 23.8 | 8.7 | 0.1 |
| 53 | पशुपतिनगर | 63.3 | 4.0 | 67.3 | 26.1 | 3.0 | 3.5 |

क्रमश...

दोखु, सुङ्गनाम, मेहेले, र इसिबुमा दलितको जनसँखयाको आवश्यकता पर्दछ ।

## ४.३ लिम्बू (एकतिहाई भन्दा कम जनसंख्या) जाति र अरु जनजातिसंग संयूक्त बहुमत

लिम्बूवान स्वशासित राज्य भित्र पनि स्वशासन वा आरक्षणको जरुरी पर्नेछ । इतिहाँसको लिम्बूवानको साँध सिमाना वर्तमानमा समय र ठाउँ अनुसार धेरै परिवर्तन भएको हुनु पर्दछ । बासिन्दाहरु लिम्बूहरु मात्र नभएर कतिपय स्थानहरुमा अन्य जातिहरुको पनि त्यतिकै सघन उपस्थिति लिम्बूवान भित्र छ । यद्यपि कतिपय क्षेत्रहरु लिम्बूवान भन्दा भिन्न पहिचान र मान्यताहरुमा हिजो पनि अशितत्वमा थिए । जस्तो उत्तरमा गोवाङ्गि प्रथा प्रचलनमा थियो भने याक्खा जातिको आ आफ्नै किपट र स्वशासित भूमि थियो । लाप्चा, याम्फू, अठपहरे, आदि विभिन्न जातिको पनि आ आफ्नै स्वामित्वको क्षेत्रधिकारहरु लालमोहर, सनद, इस्तीहार आदि जारी गरेर या अन्य विभिन्न उपायहरुले व्यवस्थित गरिएको थियो । यो पृष्ठभूमिमा लिम्बू वाहेक अरु जनजातिको उपस्थिति निरपेक्ष बहुमतको अवस्था कतिपय गाविसहरुमा देख्न सकिन्छ । जस्तो हिमाली भेगका गा.वि.स.हरु किमाथाँका (९९.७ %), चेपुवा (९९.५ %) र तास्कु (९९.१ %) ।

| | गा.वि.स. | आदिवासी/जनजाति | | | गैर जनजाति | | |
|---|---|---|---|---|---|---|---|
| | | जनजाति | लिम्बू | कुल | पर्वते उच्चजात | दलित | मधेशी/इस्लाम |
| 54 | चुलाचुली | 38.1 | 28.8 | 66.9 | 26.8 | 6.3 | 0.0 |
| 55 | आङदिम | 48.4 | 17.9 | 66.3 | 27.9 | 5.6 | 0.2 |
| 56 | लिम्बूदिन | 44.2 | 22.0 | 66.1 | 23.7 | 10.1 | 0.1 |
| 57 | गोर्खे | 55.4 | 10.7 | 66.0 | 30.9 | 2.2 | 0.9 |
| 58 | हातिखर्क | 35.9 | 29.1 | 65.0 | 28.8 | 5.9 | 0.3 |
| 59 | सिद्धिथुम्का | 58.0 | 6.9 | 64.9 | 29.3 | 5.8 | 0.1 |
| 60 | जितपुर | 38.9 | 25.5 | 64.4 | 30.7 | 4.7 | 0.2 |
| 61 | लक्ष्मीपुर | 53.4 | 10.9 | 64.3 | 30.5 | 5.1 | 0.1 |
| 62 | साङ्गरुम्बा | 36.2 | 27.9 | 64.0 | 32.1 | 3.8 | 0.1 |
| 63 | स्याबुन | 54.1 | 9.7 | 63.8 | 24.7 | 11.2 | 0.4 |
| 64 | श्रीअन्तु | 58.8 | 4.2 | 63.0 | 33.5 | 3.1 | 0.2 |
| 65 | जोगमाई | 62.4 | 0.5 | 62.9 | 34.5 | 2.5 | 0.2 |
| 66 | धनकुटा | 59.2 | 3.3 | 62.5 | 29.3 | 6.4 | 1.5 |
| 67 | फिकलबजार | 59.2 | 2.9 | 62.1 | 32.1 | 3.9 | 1.5 |
| 68 | कुरुले | 46.0 | 15.8 | 61.8 | 32.0 | 6.2 | 0.0 |
| 69 | आम्बेगुदिन | 36.1 | 24.0 | 60.2 | 32.9 | 6.8 | 0.1 |
| 70 | फिदिम | 38.1 | 21.6 | 59.8 | 33.2 | 5.4 | 1.5 |
| 71 | तामाफोक | 57.8 | 1.5 | 59.2 | 35.7 | 4.5 | 0.4 |
| 72 | अर्खाउले | 57.3 | 2.0 | 59.2 | 31.4 | 8.9 | 0.4 |
| 73 | चिसापानी | 48.3 | 10.7 | 59.0 | 31.2 | 9.6 | 0.2 |
| 74 | गोदुक | 57.0 | 1.6 | 58.6 | 31.0 | 10.0 | 0.4 |
| 75 | सितलपाति | 58.0 | 0.5 | 58.5 | 31.4 | 10.1 | 0.0 |
| 76 | नाल्बु | 34.6 | 23.1 | 57.7 | 33.8 | 8.4 | 0.1 |
| 77 | नाम्खोल्याङ्ग | 28.5 | 28.9 | 57.3 | 30.7 | 11.2 | 0.7 |
| 78 | भीरगाउँ | 55.5 | 1.1 | 56.6 | 38.5 | 4.8 | 0.1 |
| 79 | परेवादिन | 24.8 | 31.5 | 56.3 | 39.8 | 3.3 | 0.6 |
| 80 | थोकलुङ्ग | 25.9 | 30.2 | 56.1 | 34.8 | 8.9 | 0.1 |
| 81 | बोधे | 44.9 | 11.0 | 55.8 | 36.1 | 8.1 | 0.0 |
| 82 | धुपु | 52.4 | 3.2 | 55.6 | 35.5 | 8.8 | 0.1 |
| 83 | नामसालिङ्ग | 45.1 | 10.3 | 55.4 | 34.0 | 10.3 | 0.2 |
| 84 | वाना | 54.0 | 1.3 | 55.2 | 33.2 | 11.5 | 0.1 |
| 85 | बानेश्वर | 54.6 | 0.3 | 54.9 | 39.8 | 5.2 | 0.1 |
| 86 | पाखीबास | 53.3 | 1.3 | 54.6 | 39.8 | 4.2 | 1.4 |
| 87 | खाँदबारी | 53.8 | 0.3 | 54.1 | 33.6 | 11.8 | 0.5 |
| 88 | सुम्बेक | 52.1 | 1.8 | 53.8 | 36.7 | 8.3 | 1.2 |
| 89 | छातेढुङ्गा | 27.0 | 26.6 | 53.6 | 32.5 | 13.7 | 0.2 |
| 90 | साखेँजुङ्ग | 47.9 | 5.5 | 53.4 | 38.4 | 7.8 | 0.4 |
| 91 | फाकफोक | 39.1 | 13.3 | 52.4 | 45.0 | 2.6 | 0.0 |
| 92 | आम्चोक | 31.0 | 21.3 | 52.3 | 42.4 | 5.4 | 0.0 |
| 93 | सोल्मा | 22.1 | 30.1 | 52.2 | 39.1 | 8.6 | 0.1 |
| 94 | मंगलबारे | 44.0 | 7.8 | 51.8 | 42.0 | 5.0 | 1.1 |
| 95 | एकतेन | 22.6 | 29.2 | 51.8 | 41.2 | 7.0 | 0.0 |
| 96 | सोयाङ्ग | 30.7 | 20.8 | 51.6 | 42.5 | 5.9 | 0.1 |
| 97 | चैनपुर | 48.6 | 3.0 | 51.5 | 35.0 | 13.2 | 0.3 |
| 98 | मौवा | 26.7 | 24.3 | 51.1 | 42.5 | 6.4 | 0.1 |
| 99 | जलजले | 44.2 | 6.4 | 50.6 | 37.5 | 11.8 | 0.2 |
| 100 | बसन्तपुर | 28.4 | 22.2 | 50.5 | 41.4 | 6.6 | 1.3 |
| 101 | कन्याम | 49.7 | 0.7 | 50.4 | 44.4 | 4.9 | 0.2 |
| 102 | सान्ने | 49.7 | 0.5 | 50.2 | 42.0 | 7.7 | 0.1 |
| 103 | सुलुबुङ्ग | 35.9 | 14.2 | 50.0 | 46.7 | 2.9 | 0.4 |
| 104 | डुम्रीसे | 24.8 | 25.3 | 50.0 | 40.3 | 9.5 | 0.3 |

स्रोतः केन्द्रीय तथ्याँक विभागबाट प्राप्त तथ्याँकलाई आवश्यक प्रशोधन गरि निर्मित तालिका

संखुवा सभाको उत्तर पश्चिम क्षेत्रका याम्फू जाति हालका अवस्थामा धेरैले आफू राइ उल्लेख गरेता पनि उनीहरु याम्फू जाति भएको भावना राख्दछन र आफ्नै स्वाशासित राज्यको सम्यन्त्र विकास गर्ने चाहाना राख्दछन । त्यसरीनै लोहरुङ्ग जातिले आफू न राइ न लिम्बू भिन्न जाति भएको विश्वास गर्दछ। नेपालको सन्दर्भमा एक जात, एक भाषा, धर्म र संस्कृतिको लामो समय सम्म भएको एकाधिकारबादको विरुद्धमा एक प्रकारको सांस्कृतिक चेतनाको साथ साथै स्वपहिचान र स्वशासित भावनाको विकास भएको पाउन सकिन्छ । त्यसकारण ऐतिहासिक, साँस्कृतिक, तथा जनसाँख्यिक वाहुल्यता लिम्बू जातिको भएका कारण संघीय राज्य लिम्बूवान भएता पनि उक्त स्वशासित संघीय राज्य भित्र स्वशासन भित्र पनि स्वशासनको ग्यारेण्टी राज्यको पुनरसंरचना वा नया नेपालको परिकल्पनाले बोक्नु पर्ने आवश्यकता आज अत्यन्त खटकीएको छ । निश्चय पनि स्वराज्यको चाहाना गर्नु, प्राप्ति पश्चात त्यसले सुशासन प्रत्याभूत गर्नु जस्ता अहम विषयमा थिछ्लफ गर्नु आवश्यक हुन्छ। स्वशासन ग्यारेण्टी गर्ने राज्यको

तालिका ४: लिम्बूवानमा लिम्बू, अरु जनजाति र दलित गरेर हुने निरपेक्ष बहसंख्या गा.वि.स. स्तरको जनसाँख्यिक संयोजन प्रतिसतमा

| | गा.वि.स.हरु | आदिवासी/जनजाति | | | | पर्वते | मधेश/ |
|---|---|---|---|---|---|---|---|
| | | जनजाति | लिम्बू | दलित | कूल | उच्चजात | इस्लाम |
| 1 | घोर्लिखर्क | 46.6 | 1.5 | 16.1 | 64.2 | 35.6 | 0.2 |
| 2 | शान्तिपुर | 44.9 | 4.3 | 11.4 | 60.7 | 39.2 | 0.1 |
| 3 | इवा | 28.9 | 19.4 | 11.2 | 59.5 | 40.3 | 0.3 |
| 4 | फलाटे | 46 | 0 | 11.3 | 57.3 | 42.7 | 0 |
| 5 | ह्वाकु | 20.5 | 20.8 | 15.8 | 57 | 42.9 | 0 |
| 6 | मोंराहङ्ग | 13.1 | 30.8 | 12.6 | 56.6 | 43.1 | 0.4 |
| 7 | सिकैचा | 15.9 | 27.1 | 13.4 | 56.4 | 43.6 | 0 |
| 8 | खेवाङ्ग | 18.3 | 26.1 | 11.1 | 55.4 | 44.5 | 0 |
| 9 | म्यङ्गलुङ्ग | 28.2 | 15.6 | 11.3 | 55 | 43.9 | 1.1 |
| 10 | सङ्क्रान्तिबजार | 15.6 | 26.3 | 13 | 54.9 | 44.9 | 0.2 |
| 11 | मादी मूलखर्क | 44.9 | 0.8 | 9.1 | 54.8 | 45 | 0.1 |
| 12 | अमरपुर | 25.2 | 22.1 | 7.2 | 54.5 | 45.1 | 0.3 |
| 13 | खराङ्ग | 42.2 | 0.3 | 11.1 | 53.6 | 46.3 | 0.1 |
| 14 | मुगा | 45.9 | 0.1 | 6.7 | 52.8 | 46.9 | 0.3 |
| 15 | शान्तिडांडा | 42.5 | 4.9 | 5.2 | 52.6 | 47.1 | 0.3 |
| 16 | सिद्धकाली | 37.8 | 7.6 | 6.6 | 51.9 | 48 | 0 |
| 17 | बेल्हारा | 39.9 | 0.6 | 11.3 | 51.8 | 47.7 | 0.5 |
| 18 | आँखीभूई | 41.2 | 0.3 | 9.9 | 51.4 | 48.5 | 0.1 |
| 19 | तापेथोक | 34.2 | 10.5 | 6.4 | 51.2 | 45.3 | 3.7 |
| 20 | नयाबजार | 44.1 | 1.9 | 4.9 | 50.8 | 48.7 | 0.5 |
| 21 | इलाम | 37 | 5.8 | 6.6 | 49.3 | 48.5 | 2.2 |
| 22 | मारेकटहरे | 39.7 | 3.3 | 5.2 | 48.2 | 51.7 | 0.1 |

स्रोतः केन्द्रीय तथ्याँक विभागबाट प्राप्त तथ्याँकलाई आवश्यक प्रशोधन गरि निर्मित

## ४.४ लिम्बू जाति, अरु जनजाति, र दलित वीचको संयूक्त एकता

नेपालमा सामाजिक वहिस्करण आर्थिक आय, भौत्तिक विकास, अवसरहरुको विकास, सेवाहरुको उपलब्धतामा कमसलहरु वहिस्करणमा र सबलहरु उपयुक्त स्थानहरुमा पुगेकाले सृजित होइन । मानिसले कुनै काम गर्न हुने र नहुने भन्ने जन्मजात जातिय विभेदबाट उत्पन्न समस्याहरु हुन । आज राज्यको हरेक अंगमा ८० प्रतिसत भन्दा अधिक पर्वते बाहुन जातका मानिस हुनु भनेको उसको बुद्धि र क्षेमताले होइन उसलाई जातियरुपमा लेखापढी गर्नुपर्ने जातका रुपमा समाज र राज्यले कथित उच्च स्थान सृजना गरिदिएको कारण उसको स्थान सृजना भएको हो। त्यसकारण सामाजिक वहिस्करण यूरोप वा अन्य विकसित मुलुकमा हुनु र नेपालमा विकराल समस्याका रुपमा हुनु उही नियम लागु हुन्न । अधिकाँस आदिवासी/ जनजाति समुदायको स्थान मासिने र नमासिने मतवालीका रुपमा राज्यले पहिचान खडा दिएको थियो । भने हिन्दू वर्णाश्रम संरचनाकै सुद्र भनेर परिचित सामाजिक समुदायहरुलाई पानी नचल्ने, छुवाछुतको भेदभावपूर्ण सामाजिक संरचनामा लगाइ दियो । लिम्बूवानमा जनसाँख्यिक बहुमत सृजना गर्न लिम्बू जातिको जनसँख्या, अरु आदिवासी/ जनजातिको जनसँख्या, र दलितको जनसँख्या जोडेर बहुमतको अवस्थामा जनसाँख्यिक संयोजन हेर्नु पर्ने हुन्छ । यसरी हेर्दा करिब २२ वटा गा.वि.स.मा बहुमतको अवस्था सृजना हुन सक्छ। ठ्याक्कै पचास प्रतिसतको हाराहारीमा इलाम र मारेक कटहरेमा बहुमतको लक्ष्मणरेखा दलितको जनसँख्या जोडेर मात्र पुग्दछ । घोर्लिखर्क, शान्तिपु, इवा, फलाटे आदि गा.वि.स.हरुमा दलितको जनसंख्या नजोडी समाजिक वहिस्करणमा परेका समुदायहरु बहुमत पुग्दैनन ।

### ४.५ पर्वते उच्च जातिय शासक जातिको जनसंख्या निरपेक्ष बहुमत भएका गा.वि.स.हरु

राजा पृथ्वी नारायण शाहले "मैले दुखले आर्ज्याको देश, चार वर्ण छत्तिस जातको फूलबारी हो, यदि सवैलाई चेतना भया" भन्ने उक्ती भित्र राजा पृथ्वी नारायण शाहले कमाएको, बनाएको देशको अर्थ भेटिन्छ । उनको उपस्थिति पूर्व अथवा पल्लो किरातको लिम्बूवानमा सबै भन्दा पछाडिमात्र भयो । लिम्बूवान एकत काठमाण्डौ बाट टाढा र रणनीतिक हिसाबले सम्बेदनशील क्षेत्र भएका कारण काठमाण्डौले एकिकृत नेपालमा ल्याउन तत्कालै आवश्यक नठानेको विचार व्यक्तगर्नेहरु पनि छन । तर लिम्बू जातिले राजा पृथ्वी नारायण शाहका सेनाहरुसंग पटक पटक लड्दा पनि पूर्णरुपमा चडाइ गर्न नसके पछि अन्तीममा दुवै पक्ष वीच सम्पन्न सम्झौताका आधारमा लिम्बूवान धेरै समय सम्म स्वशासित हैसियतमानै रहेको सर्वविदितै छ ।

राजाको बंशानुगत जाति भित्रका ठकुरी, क्षेत्री, बाहुन र सन्यासी जातिको उपस्थिति नेपालको अन्य भागमा भन्दा लिम्बूवानमा कमै भएको अनुमान लगाउन सकिन्छ । तर राजा पृथ्वी नारायण शाहले भनेझै उनले बढो दुखले आर्ज्याको मुलुकमा उनका सन्ततिहरुको उपस्थिति अझ अत्यन्त सघनरुपमा हुनु पर्ने हो, तर लिम्बू जातिको भाषा, संस्कृति र सामाजिक रहन सहनको प्रतिरोधात्मक गुणले शासक जातिको सघनता तुलनात्मक रुपमा कमै पाउन सकिन्छ । सायद त्यसै कारणले पनि हुन सक्छ लिम्बूवान क्षेत्रको कुल २३५ गाविसहरु मध्ये केबल १३ गाविसमा निरपेक्ष बहुमतको अवस्था शासक जातिको जनसँखया छ । तर समग्रमा शासक जातिको संरचनामा पर्ने जातिहरु बाहुन, क्षेत्री, ठकुरी र सन्यासीको उपस्थिति केबल १३ गाविसमा मात्र बाहुल्यतामा रहेको विश्वास गर्न सकिन्छ ।? निश्चयनै धेरै मानिसहरुले विश्वास गर्न सकिन्न, किनकी बसोबास उनीहरुको नभए पनि राज्यमा उनीहरुको उपस्थिति ८० प्रतिसत भन्दा अधिक रहेकोले उनीहरुको उपस्थिति सर्बत्र रहेको हामीलाइ भान परेकोछ । कि उनीहरु विना हाम्रो प्रशासन, सुरक्षा, बजार, अस्पताल, शिक्षालय, के भनौं सबै सबै क्षेत्रमा उनीहरुको पकड रहेकोछ र उपस्थिति रहेकोछ ।

तालिका ५: पर्वते जातको निरपेक्ष बहसंख्या गा.वि.स. स्तरको जनसाँख्यिक संयोजन प्रतिसतमा

| | गा.वि.स. | पर्वते उच्च जात | आदिवासी/ जनजाति | लिम्बू | दलित | मधेशी/ मुसलमान |
|---|---|---|---|---|---|---|
| 1 | चाक्सिबोटे | 65.3 | 15.4 | 13.3 | 5.9 | 0.1 |
| 2 | चानुवा | 61.3 | 21.5 | 0.1 | 16.9 | 0.2 |
| 3 | पिप्ले | 58.6 | 13.0 | 1.9 | 26.5 | 0.0 |
| 4 | लेगुवा | 58.6 | 24.6 | 0.4 | 16.4 | 0.0 |
| 5 | फूलेक | 57.5 | 38.9 | 0.8 | 2.3 | 0.5 |
| 6 | स्याङ्गरुम्बा | 56.9 | 7.3 | 25.6 | 10.1 | 0.1 |
| 7 | डाँडागाउँ | 56.9 | 39.9 | 0.0 | 3.0 | 0.1 |
| 8 | ओखे | 56.8 | 6.8 | 24.5 | 11.8 | 0.1 |
| 9 | मूर्तिढुङ्गा | 56.2 | 21.9 | 12.5 | 9.4 | 0.1 |
| 10 | ओयाकजुङ्ग | 54.3 | 6.1 | 30.1 | 9.2 | 0.2 |
| 11 | बरबोटे | 53.3 | 24.1 | 14.5 | 7.5 | 0.7 |
| 12 | मादि राम्बेनी | 51.9 | 34.7 | 0.2 | 12.8 | 0.4 |
| 13 | माम्लीङ्ग | 51.6 | 40.1 | 0.3 | 7.7 | 0.2 |

स्रोतः केन्द्रीय तथ्याँक विभागबाट प्राप्त तथ्याँकलाई आवश्यक प्रशोधन गरि निर्मित तालिका

चाक्सीबोटे गाविसमा शासक जातिको उपस्थिति ६५ प्रतिसत गरहेकोछ भने चानुवामा ६१ प्रतिसत, पिप्लेमा ५८.६ प्रतिसत भने लेगुवामा ५८.६ प्रतिसत छ ।

### ५. निश्कर्ष र सुझावहरु